प्रदेश सरकार

# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/१०/१७ गते

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट कार्यान्वयन हुने गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम कार्यान्वयनका लागि गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ बमोजिम शैक्षिक संस्थाको मुख्य आवश्यकता प्राथमिकीकरण गरी सूचनामा उल्लेखित कार्यक्रमका लागि कार्यक्रममा दोहोरोपन नपरेको सुनिश्चितता र सम्बन्धित स्थानीय तहको कार्यक्रम आवश्यकता सिफारिस समेत अनिवार्य संलग्न राखी सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विद्यालय/शैक्षिक संस्थाहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. सम्बन्धित कार्यक्रम सम्बन्धमा अनुसुचीमा तोकिए बमोजिमको प्रस्तावपत्र
२. सम्बन्धित तह वा विषय सञ्चालनको अनुमति/सम्बन्धन पत्र
३. विद्यालय व्यवस्थापन समितिको निर्णय
४. स्वीकृत लागत अनुमान
५. स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण ।

**तपसिल**

| क्र.सं. | कार्यक्रम | प्रस्ताव पेश गर्न सक्ने विद्यालय/ शिक्षण संस्थाहरु |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन | मापदण्डको कार्यक्रम नं १ (प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन) को बुँदा नं. ५ मा उल्लेख भए बमोजिमका विद्यालय/बाल विकास केन्द्रहरु |
| २ | वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रोत्साहन अनुदान | गुरुकुल, गुम्बा, मदरसा लगायत धार्मिक प्रकृतिको वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालनका लागि अनुमति प्राप्त विद्यालयहरु |
| ३ | आधारभुत विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरण | आधारभुत तहको कक्षा १- ८ सम्म अनुमति प्राप्त गरी सञ्चालन भई रहेका आधारभुत विद्यालय |
| ४ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरण | नेपाल सरकारबाट नमुना विद्यालय विकास कार्यक्रममा समावेश नभएका माध्यमिक विद्यालय |
| ५ | विपन्न तथा न्युन सिकाइ उपलब्धी भएका विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम | कक्षा ८, ९ र १० मा अङ्ग्रेजी, गणित र विज्ञान विषयको शैक्षिक उपलब्धीदर कम रहेका विद्यालयहरुले वि.व्य.सको निर्णय सहित स्थानीय तहमा निवेदन दिने । स्थानीय तहले प्राप्त निवेदनहरुमध्ये कम सिकाइ उपलब्धी भएका दुई वटा विद्यालयहरुबाट प्राप्त निवेदन समेत समावेश गरी प्राथमिकता तोकि गरी सिफारिस गरी सूचनाको म्याद समाप्त भएको मितिले ७ दिनभित्र मन्त्रालयमा पठाउने । |
| ६ | माध्यमिक विद्यालयमा गणित शिक्षा प्रयोगशाला स्थापना र विकास | १. कक्षा १-१० सम्ममा कम्तीमा २०० जना विद्यार्थीहरु अध्ययनरत माध्यमिक सामुदायिक विद्यालयहरु<br>२. गणित विषयको प्रयोगशाला स्थापना नभएका माध्यमिक विद्यालयहरु<br>३. प्रयोगशाला स्थापनाका लागि उपयुक्त प्रयोगशाला कक्ष व्यवस्था गर्न सक्ने विद्यालयहरु |
| ७ | प्राविधिक धार तथा व्यावसायिक शिक्षा सञ्चालन गरेका सामुदायिक विद्यालयहरुलाई प्रयोगशाला सुदृढीकरण अनुदान | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालित प्रयोगशाला सुदृढीकरणको आवश्यकता भएका सामुदायिक माध्यमिक विद्यालयहरु |
| ८ | सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न तथा दलित विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम मार्फत छात्रवृत्ती व्यवस्थापन | १. छात्रवृत्ती प्राप्तिका लागि सम्बन्धित विद्यार्थीहरुले अनुसुची-१७ बमोजिमको निवेदन र आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित विद्यालयमा निवेदन पेश गर्ने ।<br>२. विद्यालयले प्राप्त निवेदनहरु मध्ये विपन्न र दलित समूहका विद्यार्थीहरुको प्राथमिकीकरण गरी अनुसुची-१८ बमोजिम विवरण एकिकृत गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित स्थानीय तहमा पेश गर्ने ।<br>३. विद्यालयहरुबाट प्राप्त फारामहरु र विवरणहरुलाई सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सक्कलै निवेदनहरु अनुसुची-१९ बमोजिम एकिकृत गरी सूचनाका म्याद समाप्त भएको मितिले ७ दिनभित्र मन्त्रालयमा पठाउने । |

यस सम्बन्धी थप जानकारी, प्रस्तावको ढाँचा र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु र मूल्याङ्कनका आधारहरु शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेबसाइट www.mosd.gandaki.gov.np मा गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ प्राप्त गर्न सकिनेछ ।